लोकतन्त्रको पहरेदार

# अमरगढी पोष्ट

WWW.amargadhipost.Com

राष्ट्रिय दैनिक

बर्ष : १७ अंक १२०● २०८१ साउन २० गते आईतबार (Sunday 4 Augest.2024) पृष्ठ संख्या :- ४ मुल्य रु : १०

◆ बर्षातका बेला पानी फोहर हुने भएकाले तताएर पिउने गरौं ।
◆ पानीको सुद्धिकरण गरेर मात्रै पिउने गरौं ।
◆ झाडापखाला,आउ,हैजाबाट बचौं र बचाऔं ।
◆ पानीको मुहान सफा गरौं सुद्ध पिउने पानी पिउने गरौं ।
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कञ्चनपुरको अनरोध**

## चार महिना बितिसक्दा पनि सहकारी फोडेर पैशा लुट्नेहरू पक्राउ परेनन्

**लक्ष्मी ऐर**
*डडेल्धुरा,साउन १९ गते।*

जोगबुढाको परशुराम नगर पालिकामा रहेको एक स्थानिय सहकारी संस्था फोडेर पैशा लुटी लगेको चार महिना बितिसक्यो तर अहिले सम्म प्रहरीले पक्राउ गर्न सकेको छैन ।

प्रहरीले अनुसन्धान भईरहेको भनिएपनि चार महिना पुरा भयो चोर पत्ता लगाउन नसक्दा स्थानीयहरुमा निरासा आईरहेको छ ।

परशुराम नगरपालिका वडा नं. ४ कटालमा रहेको शीर्ष साना किसान कृषि सहकारी संस्था लिमिटेडको कार्यालयबाट ११ लाख १३ हजार रुपियाँ चोरी भएको थियो ।




गत वर्ष चैत २६ गते शुक्रबार बेलुकी बन्द गरिएको सहकारी संस्थाबाट रकम चोरी भएको कुरा भोलिपल्ट बिहान मात्रै थाहा भएको थियोरु। कर्मचारीले बिहान कार्यालय खोलेपछि चोरी भएको थाहा पाएका थिए ।

कार्यालय पछाडिको ढोका खुलेको र नगद राखेको लकर फुटाई उक्त रकम चोरी भएको सहकारीले जनाएको छ । कर्मचारीले सहकारीको रकम चोरी भएको आशङ्का गरेपछि इलाका प्रहरी कार्यालय लालढुङ्गामा जानकारी गराएका थिए ।

सर्वसाधारण बचतकर्ताको रकम चोरी भएको चार महिना बितिसक्दा पनि प्रहरीले चोरीमा संलग्न व्यक्ति तथा रकमको अत्तोपत्तो लगाउन नसक्दा प्रहरीको अनुसन्धान माथी प्रश्न उठीरहेको छ। २०६६ सालमा स्थापना भएको सहकारीले वर्षमा करिब १२ करोड सम्मको कारोबार गर्दै आइरहेको सहकारी संस्थाका अध्यक्ष वीरेन्द्र विष्टले जानकारी दिनुभएको छ । प्रहरीले सहकारी चोरी घटनाको अनुसन्धान फितलो गरेको उहाँको गुनासो छ।

राजनीतिक हस्तक्षेप र प्रहरीको मिलेमतोमा अनुसन्धान फितलो भएको आरोप उहाँले लगाउनुभयोरु। सिसिटिभी फुटेजमा देखिएको दृश्यमा रातिको समयमा दुई जना कार्यालयभित्र पसेको देखिएको छ । उक्त फुटेजमा हुलिया ठम्याउन सकिँदैन। शङ्कास्पद व्यक्तिको मौखिक रूपमा नाम किटान गरे पनि अनुसन्धान नगरिएको उहाँको गुनासो छ । फोन कल भएको विस्तृत विवरण अनुसार अनुसन्धान गर्न आग्रह गर्दा प्रहरीले उल्टै सिकाउने भनेर हप्काउने गरेको उहाँले बताउनुभयो ।

अध्यक्ष विष्टका अनुसार लकर तोडेर नगद चोरी भएको थियो ।

लकरको साँचो लगाउने ठाउँमा ड्रिल गरेर वा ढुङ्गा काट्ने फलामको छिनो प्रयोग गरेर लकर तोडेको देखिन्छ । उक्त सहकारीमा चोरी हुँदा ऋणको ९१ प्रतिशत मात्रै असुली भएको अध्यक्ष विष्टको भनाइ छ ।

कारोबार रकममा कमी नआए पनि चोरीका कारण असुल हुन नसकेको उहाँले बताउनुभयो ।


नगद मात्रै चोरी भएकाले अनुसन्धानमा कठिनाइ भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक दीपक कार्कीले बताउनुभयो । प्रहरीले अनुसन्धान कार्यलाई तिब्रता दिएर सहकारी चोरीमा संलग्नलाई तत्काल पक्राउ गनुपर्नेमा राष्ट्रिय सभाका पुर्ब माननीय चक्रप्रशाद स्नेहीले जोड दिनुभएको छ ।

सहकारी फोडेर ११ लाख चोरी भएको छ प्रहरी अनुसन्धानमै रुमलिएको छ कहिले पत्ता लगाउछ उहाँले भन्नुभयो– चोर पक्राउ गरेर बचतकर्ता हरुलाई बिश्वासको बाताबरण तत्काल सिर्जना गरियोस हाम्रो आग्रह छ ।

## डडेल्धुरा घर भएका पूर्वमन्त्री भट्टको निधन

***अमरगढी पोष्ट समाचार***
*डडेल्धुरा,साउन १९*

पूर्ववन सहायक मन्त्री गणेशप्रशाद भट्टको निधन भएको छ। अजयमेरु गाउँपालिका-३ मटेला पुर्खयौली घर भएका भट्टको हिजो (शुक्रबार) ८३ वर्षको उमेरमा काठमाडौंको बुढानिलकण्ठ स्थित आफ्नै निवासमा निधन भएको हो ।



बुवा धनीराम भट्ट र आमा राधा देवीको कोखबाट विस १९९८ मा जन्मिएका थिए । भट्ट बिएसीसम्मको अध्यन गरि पञ्चायतको राजनीतिमा सकृय भएका थिए ।

२०३८ देखि २०४२ सम्म जिल्ला पञ्चायत सभापति भएका उनी २०४३ मा राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएका थिए । राष्ट्रिय पञ्चायत सदस्य हुँदा सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष भएर उनले झापा लगायत पूर्वी तराईमा बसोबासको काम सफलता पूर्वक सम्पन्न गरेको बताइन्छ ।

भट्ट २०४४ मा वन सहायक मन्त्री बनेका थिए। उनकै कार्यकालमा नेपाल टर्पन टायल कम्पनी स्थापना भएको थियो । उनले मन्त्री हुँदा तत्कालीन आलिताल, शीर्ष र जोगबुडा गाविसमा उच्च वन सुदृढीकरण आयोग गठन गरी उक्त आयोगद्वारा बसोबास प्रमाणित गरि त्यहाँको जग्गा नापजाँच गराइ घर घरमा लालपुर्जा वितरण गरेका थिए ।

विस २०४८ र २०५६ मा राप्रपाबाट भट्ट डडेल्धुरा प्रतिनिधि सभामा निर्वाचन लडेका थिए । तर उनी दुबै पटक काँग्रेस सभापति शेर बहादुर देउवासँग भने पराजित हुन पुगेका थिए ।

भट्ट जिल्लामा विकास पुरुषका रूपमा परिचित थिए । डडेल्धुराको बिकासमा उहाँको महत्पुर्ण योगदान रहेको राप्रपा नेपालका नेता टेकराज पनेरु बताँउछन ।

भट्टको निधनले डडेल्धुराबासी शोकमा डुबेको बताउनुहुदै बिकासबादी नेता गुमाउदा डडेल्धुराले अपुणीय क्षती भएको पनेरुको बुझाई छ।

डडेल्धुराको विकासका परिकल्पनाकार समेत रहेका भट्टको निधनले समग्र जिल्ला शोकमा डुबेको छ।

राप्रपाका नेता रहेका पूर्वमन्त्री भट्टको निधनले जिल्लाको विकासप्रेमी व्यक्तित्व गुमाएको नेपाली काँग्रेस अजयमेरु सभापति टेकराज पाण्डेयले बताए ।

लामो समयदेखि पक्षधातका विरामी रहेका उनको काठमाण्डौमै उपचारका क्रममा निधन भएको हो ।



## अब टाढा जानु पर्दैन,एउटै स्थानबाट मिडिया क्षेत्रका सम्पुर्ण सेवाहरु अमरगढी मिडिया हाउस डडेल्धुराले उपलब्ध गराउदैछ ?

लामो समय देखि संचार क्षेत्रमा कृयाशिल संचारकर्मीहरुको पहल कदमीमा तपाईकै सहर डडेल्धुरामा प्रधान कार्यालय र देशका बिभिन्न जिल्लाहरुमा सम्पर्क कार्यालयहरु स्थापना गर्न सफल भएको छ । मिडिया क्षेत्रका सम्पुर्ण कामहरु गर्नै उदेश्यले स्थापना भएको अमरगढी मिडिया हाउसले बिगत १६ बर्ष देखि **अमरगढी पोष्ट दैनिक** पत्रिका संचालनमा ल्याएको छ भने १६ बर्ष देखि राष्ट्रिय,तथा स्थानिय दैनिक पत्रिकाहरु, एफएम रेडियो,टेलिभिजन र अनलाईन मिडियामा बिज्ञापन, सुचना,टेण्डर,बद्याई तथा शुभकामना, राहदानी हराएको सुचना लगायतका सेवाहरु प्रदान गर्दै आईरहेको जानकारी गराउदछौं ।

➪ राष्ट्रिय,तथा स्थानिय संचार माध्यमहरुमा बिज्ञापन प्रकाशन तथा प्रसारणका लागी गुणस्तर तथा प्रभाबकारी बिज्ञापन,सेवा सम्बन्धि कार्य ।

➪ सरकारी तथा गैर सरकारी संघ, संस्थाहरु, समुह,समिति,उद्योगी ब्यपारी, बैकिङ तथा निजी क्षेत्रहरुले राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरु : कान्तिपुर, नागरिक ,गोरखापत्र ,राजधानी , अन्नपुर्ण पोष्ट ,नेपाल समाचारपत्र ,नँया पत्रिका ,द काठमाण्डु पोष्ट ,द राईजिङ नेपाल, द हिमालयन टाईम्स, आर्थिक दैनिक, कारोबार दैनिक लगायतका अन्य पत्रपत्रिकाहरुमा सुचना,टेण्डर, राहदानी,हार्दिक बद्याई तथा समबेदना **लगायतका सुचना तथा बिज्ञापनहरू प्रकाशनका लागी सर्ब शुलभ र भरपर्दो रुपमा प्रकाशन र प्रशारण कार्य गर्दछ,साथै रेडियो,टेलिभिजनहरुमा समेत कार्यक्रम उत्पादन तथा प्रसारण कार्य गर्दछ ।**

➪ **सार्बजनिक सुनुवाई, तालिम संचालन र गुणस्तरीय डकुमेन्टी निर्माण,कानुनी सेवा,लेखा तथा अडिट सम्बन्धि सम्पुर्ण सेवाहरु संचालनमा आएको यहांहरुलाई सहर्ष जानकारी गराउदछौ ।**

**मानबहादुर सांउद**
**प्रबन्ध निर्देशक तथा**
**अमरगढी मिडिया हाउस डडेल्धुरा**
अमरगढी ५ तुँफानडाँडा डडेल्धुरा
अफिस : ०९६– ४२०६५३ मोबाईल : ९८४८८७१०१४,९८४८८५५९५६
इमेल : mansaud52@gmail.com

# सम्पादकीय

## साना दलमाथि शक्ति अभ्यास, राजनीतिक गर्मी बढाउने प्रयास?

प्रतिनिधिसभामा कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्ने दलले मात्र प्रतिनिधिसभामा सिट बाँडफाँटमा भाग लिन पाउँछ, त्यस्तै प्रदेशसभामा पनि डेढ प्रतिशत मत पाए मात्र समानुपातिक सिटमा हकदाबी रहन्छ । 'थ्रेसहोल्ड' यस्तो सीमा रेखा हो जसलाई पार गर्न नसक्दा माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीले समानुपातिकतर्फ प्रतिनिधिसभामा प्रतिनिधित्व पाएन ।

साना दलमाथि शक्ति अभ्यास, राजनीतिक गर्मी बढाउने प्रयास

त्यतिमात्र होइन, प्रतिनिधिसभा निर्वाचनमा ४७ दलले प्रतिस्पर्धा गरे पनि सात दलले मात्र राष्ट्रिय मान्यता प्राप्त गरेर समानुपातिक सिटतर्फ आफ्नो दाबी सावित गर्न सके । तर, राजनीतिक स्थिरता ल्याउने भन्दै गठबन्धन बनाएका कांग्रेस-एमाले साना दललाई पाखा लगाउने कानुनको पक्षमा लागेका छन् । यो लोकतन्त्रको सबलीकरण हो कि शक्तिको अभ्यास हो भन्ने प्रश्न पनि जागृत भएको छ । प्रतिनिधिसभाको गत निर्वाचनकै सन्दर्भमा पनि कुल एक करोड पाँच लाख सदर मतमध्ये एमालेले करिब २७ र कांग्रेसले करिब २६ प्रतिशत मत प्राप्त गरेका थिए । त्यस्तै करिब ११ प्रतिशत मत माओवादीले, झन्डै त्यति नै रास्वपाले, करिब पाँच प्रतिशत मत राप्रपाले, करिब चार प्रतिशत मत जसपाले र तीन प्रतिशतभन्दा बढी मत जनमत पार्टीले प्राप्त गरेका थिए । एकीकृत समाजवादी, उन्मुक्ति पार्टीदेखि नेसलिस्ट पिपुल्स पार्टीले पाएको करिब १३ लाख मत भने सिट बाँडफाँटमा हिसाब भएन, जसले गर्दा यसको सट्टा ठूला दलकै सिट बढ्यो । संसद्मा पुगेका सात दलको संख्या पनि खुम्च्याउन कांग्रेस-एमाले लागेका छन्, एमाले महासचिव शंकर पोखरेलले भनेजस्तै 'थ्रेसहोल्ड' साँच्चै १० प्रतिशतसम्म पुऱ्याउने हो भने देश लगभग दुई दलीय प्रतिस्पर्धामा जाने स्थिति बन्न पनि सक्छ । 'थ्रेसहोल्ड' सम्बन्धी व्यवस्था परिवर्तन गर्न संविधान संशोधन गर्नु पर्दैन, राजनीतिक दलसम्बन्धी कानुन मात्र परिवर्तन गरे पुग्छ जसका लागि कांग्रेस-एमालेसँग संसद्मा स्पष्ट बहुमत छ । तर, साना दललाई पाखा लगाउने शक्ति अभ्यासको राजनीतिक औचित्य पुष्टि गर्दै त्यसका लागि हुने प्रतिरोधको व्यवस्थापन गर्न उनीहरू सफल होलान ? यसमा भने शंका छ ।

संविधान होस् वा कानुन, प्रचलित प्रावधानमा परिवर्तन गर्न संसदीय प्रक्रिया आरम्भ गर्नुअघि यी दुई पार्टीले शक्तिको प्रयोग होइन, आवश्यकताको बोध स्थापित गर्न सक्नुपर्छ । मुख्यतः अन्य राजनीतिक दल तथा सरोकारवालाहरूको विश्वास लिन सक्नुपर्छ । राजनीतिक दलसम्बन्धी कानुन संशोधन किन गर्ने ? साना दललाई पाखा लगाउन ? साना दललाई किन पाखा लगाउने ? राजनीतिक स्थिरता कायम गर्न । कांग्रेस-एमालेको तर्क यही । तर राजनीतिक इतिहासले भने यो दाबीलाई समर्थन गर्दैन । गठबन्धन परिवर्तनको निर्णय कांग्रेस, एमाले र माओवादीले मात्र गरेका छन् । साना भनिएका दलहरू त एउटा निर्णय भएपछि साथ दिन मात्र जुट्ने गरेका छन् । त्यसैले अस्थिरताको कारक साना दल हुन् भन्ने भाष्य नै गैरराजनीतिक छ । ठूला दलका ठूलै नेताले एकअर्कालाई धोका दिँदा नै सरकार परिवर्तन हुने गरेको छ । त्यसैले राजनीतिक स्थिरताको शोध साना दलहरूको प्रवृत्तिबाट खोज्ने प्रयास नै खोटपूर्ण छ । नेपालको राजनीतिक इतिहासमा पूर्ण बहुमत प्राप्त हुँदै नभएको अवसर होइन । पञ्चायती शासनको अन्त्यपछि २०४८ र २०५६ मा कांग्रेसको एकल बहुमत आएको थियो । २०७४ को निर्वाचनपछि पनि राजनीतिक परिस्थितिले नेकपाको एकल बहुमत हुने स्थिति बनेको थियो । तर यी सरकारलाई पूर्ण कार्यकाल चल्न नदिने अवरोधक साना दल थिए ? वा, बहुमत प्राप्त दलका शीर्ष नेताहरूको असमझदारी र तानातान ? ठूला दलका नेताले संविधान वा कानुनमा संशोधनको बहस तीव्र बनाउनुअघि २०४८, २०५६ र २०७४ को निर्वाचनको परिणाम र त्यसपछि बनेका सरकारको दुःखान्तको विश्लेषण गर्नुपर्छ । राजनीतिक स्थिरताको एउटा सर्त हो, पूर्ण कार्यकाल चल्ने सुनिश्चितता भएको सरकार । तर, भुल्नु के हुँदैन भने राजनीतिक स्थिरता भनेको सरकारको स्थायित्व मात्र होइन, बरु थिति, विधि र इमानको स्थायित्व हो । हाम्रोमा त्यसैको अभाव छ, जवाफदेहिता पनि त्यहीं खोज्नुपर्छ ।

# सिडिओ सापहरूको डायरी

**खगेन्द्र संग्रौला**

हात काम्नु हृदयको दुरवस्थाको बाहिरी झल्को हुनुपर्छ । मेरो हात कामिरहेको छ । म मृत्युको भयावह उपत्यकामा छु । औँसीको रातमा जगत्का आँखा छलेर मनको ताप पोख्न एकान्त कोठामा बसेको छु म । कसैलाई कहन नमिल्ने मनको बह अहिले म आफैँसँग पोख्दै छु । मर्त्यलोकको यो दुःखी चोला कुन बेला, कहाँ र कसरी शेष हुने हो केही ठेगान छैन । म यति एक्लो छु, यति निर्धो छु, नर्कतुल्य यो संसारमा मलाई मन फुकाएर चिच्याउने हकधरी छैन ।

हुनलाई म 'ध' जिल्लाको सिडिओ हुँ । नयाँ नियमले भन्न नमिल्ने साँचो कुरा खुसुक्क भनूँ भने म नाम मात्रको सिडिओ हुँ । अख्तियार, प्रतिष्ठा र बोली सबै खोसेर भिजेको मुसोसरी बनाइएको छु म । सुन्दा आफैँलाई लाज लागेर आउँछ, लाटासीधा जनहरू मलाई अझै 'सिडिओ साप' भनेर पुकार्छन् । यो 'सिडिओ साप'ले मेरो स्मृतिमा पुराना दिनको याद सोहोरेर ल्याउँछ । र, मेरो अनाथ हृदय झनै विचलित हुन्छ ।

जब त्यसका बाउको त्यो के जाती 'युनिफाइड कमान्ड' बन्यो, त्यहींबाट मेरो सत्यानाश सुरु भो । यो अलच्छिनी कमान्डले निर्ममतासाथ ममाथि थोपरेको भयङ्कर नियति हो यो । माथि उच्चासनमा बस्नेका मथिङ्गलमा एउटा विचार फुरेछ, छरिएको फौजीबललाई एकै सूत्रमा उन्ने विचार । त्यो एकीकृत बलले आतंककारीहरूलाई धुलो चटाउने विचार । यो विचार लाई साकार रूप दिन सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीलाई एकै कमान्डको छातामुनि ल्याइयो । हो, यहींबाट सुरु भएको हो मेरो कहिनसक्नु बर्बादीको दारुण कथा । युनिफाइड कमान्ड नाउँको हरणकारीको जब जायजन्म भयो, मेरो स्वत्व स्वात्तै हरण भयो । यसको स्वेच्छाचारले मेरो मरेको जुनी भयो ।

म जिल्लाको सिडिओ । हिजोसम्म जिल्लाको राजा थिएँ म ! तर के लाग्छ, हिजोको आजै म दाह्रा-नङ्गाविनाको गलित बाघ भएँ । भन्नलाई अझै पनि म युनिफाइड कमान्डको जिल्ला तहको माउ अधिकारी हुँ । तर, अख्तियारमा म हुँ केवल शाही मेजरका हातका झुम्राको पुतली । ऊ औँलो नचाउँछ, औँलाको तालमा म नाच्छु । ऊ औँला दोब्र्याउँछ, निहुरिएर म उसलाई नमस्कार गर्छु । ऊ सर्वशक्तिमान्, म केवल उसको बोलीविनाको सेवक । ऊ आदेशदाता, म फगत् उसको आदेशपालक । युनिफाइड कमान्ड नाउँको हरणकारीको जब जायजन्म भयो, मेरो स्वत्व स्वात्तै हरण भयो । यसको स्वेच्छाचारले मेरो मरेको जुनी भयो । सम्झन्छु, त्यसअघि म पनि त केही थिएँ । हाँचै भए पनि सत्ताको एउटा ढिस्कोमाथि उभिएको थिएँ म । सिँगै जिल्ला मेरा पैतालामुनि थियो । शान्ति र सुरक्षा, विकास र निर्माण, ठेक्का र पट्टा, नागरिकता र राहदानी, यी सबै मेरो खटनमा थिए, मेरो वशमा थिए । म जहाँ टेक्थेँ, त्यहाँको जमिनमा हल्का कम्पन पैदा हुन्थ्यो । म जहाँ जान्थे, त्यहाँ मलाई नमस्कार गर्नेहरूको धुइरो लाग्थ्यो । आफ्नो उपस्थितिको त्यो सुखदायी प्रभाव देखेर म आफैँ छक्क पर्थे । तर, अब त्यो सब अतीतमा छुटेको रोमाञ्चक कथाजस्तो भयो । अब जे छ, मुजी मेजरको छ । म त केवल लुखुरलुखुर उसका पछिपछि हिँड्ने उसको आत्महीन छाया । उसको निस्तेज कार्बनकपी म ! अहो ! यो गन्थन लेखिरहँदा मलाई कसैले देखी पो हाल्ला कि ? अहो ! मेरो आहत हंस डरले कसरी कामिरहेछ ! हे भगवान् ! हिजोको आजै म कति निम्छरो बनाइएँ ! हुनलाई जाबो मेजर कुनै ठुलो दर्जा होइन । तर के लाग्छ, साला यो मेजर जिल्लाको राजाजस्तो छ । डुर्र गर्दै जुन दिन यो आयो, त्यही दिन मेरा सुदिन सकिए । अहो ! यसको धाक, यसको रवाफ, यसको फूर्ति ! गमक्क फुल्दै यो पाजी म राजदरबार सेवाबाट आ'को हुँ भन्छ । मैले राजासँग फोटो खिचा'छु भन्छ । म राजासँग कुम जोडेर उभिया छु भन्छ । साला धाक पनि कति ! मानौँ यो छुसी राजाका कुमकुमसम्म आउने राजा हो । हेर, यस मुजीको फुइँ ! म बङ्करबाट भागेँ । अनि म उही डीएसपी कार्यालयको शरण परेँ । यसलाई लेखान्तर भनूँ कि क्रूर समयको क्रीडा भनूँ म ? म सिडिओको हबिगत अहिले सुकुमबासीको जस्तो भएको छ । मेरो न शिर ठाडो पारेर उभिने माटो छ, न मेरो हिँड्ने बाटो छ । एक दिन यसले मलाई ठाडो आदेश दियो–'आइन्दा ब्यारेकभित्र सुत्नुपर्छ है सिडिओ साप्, बङ्गर मा । कुनै पनि रात हमला हुन सक्छ ।

बाहिरभन्दा भित्र तैबिसेक सुरक्षित भइन्छ ।' जबानहरूलाई गुन्टा बोकाएर म लुरुलुरु भित्र गएँ । दैव ! मलाई त त्यो ठाउँ चितुवाको ओढारजस्तो लाग्यो । यसो वातावरणको गन्ध सुङ्छु, त्यहाँ मेरो एक पित्को गन्ती छैन । सैनिक जवानहरूधरी मलाई हेय दृष्टिले हेर्छन् । भित्र मेजरको अहंकार मैले झनै चर्को देखेँ । भित्रको बसाइ मलाई झ्यालखानको जस्तो लाग्यो । औधि अत्यासलाग्दो । यो कैदमा सडेर मरुँ कि म भागुँ ? मैले मनमनै कुरा खेलाएँ । मेरो लडाकु तालिम छैन । मेरा हातमा हतियार खेलाउने सीप छैन । कथं हमला भइहाले मलाई के हुन्छ ? सके पहिले ज्यान जाने पालो मेरै आउला । आऽऽ खालि मर्नलाई यो पराधीन ओढारमा म यत्रो पनि सुत्दिनँ । जे त पर्ला, म आफ्नै ठाउँमा फर्किन्छु । भागेर लुक्नै परे कोही न कोही रैथानेले मलाई शरण कसो नदेला ? आज जे भए पनि म जिल्लाको हिजोको राजा हुँ नि ।

म बङ्करबाट भागेँ । अनि म उही डीएसपी कार्यालयको शरण परेँ । यसलाई लेखान्तर भनूँ कि क्रूर समयको क्रीडा भनूँ म ? म सिडिओको हबिगत अहिले सुकुमबासीको जस्तो भएको छ । मेरो न शिर ठाडो पारेर उभिने माटो छ, न मेरो हिँड्ने बाटो छ । म यता बाहिर निस्कँ, उता मेजर मुजी मसँग फायर भएछ । डीएसपीबाट चाल पाएँ । मेजरले मुस्तण्ड मुद्रामा तीतो पोखेछ, 'मैले जोगाउन खोज्या हुँ, काल खोजेर बाहिर निस्क्यो । साला मरे मरोस्, मलाई के ?' अहिलेको मेजर माथवर हो । यसअघि मेजर घनश्याम थियो ।

अहिलेको हेरी पहिलेको मेजर किञ्चित् नरम थियो । बर्दी नला'का बेला ऊ मेरा कुरा ध्यानले सुन्थ्यो । तथ्यमा आधारित तर्कउपर ऊ केही न केही गम खान्थ्यो । एक साँझको कुरा हो । थकान मेट्ने र दिल बहलाउने सुरले ऊ र म एउटा रेस्टुराँमा गयौँ । विचारवान् विद्वान्ले झैँ मदिरा पान गर्ने कलामा ऊ पारङ्गत थियो । उसले केवल जिब्रो भिजाउँदै सुस्त गतिमा मस्तीका साथ चुस्की लियो । रमरम मात लाग्दा ऊ भावुक हुँदै गयो । अनि भन्यो, 'उमाकान्तजी ! सिन्दुर पहिरेर नुन खाएकाले भन्नु नहुने कुरा आज तपाईंलाई भनूँ-भनूँ लाग्यो ।

लडेर मात्र जितिने युद्ध यो हुँदै होइन । देखिसकियो । तर, बुझ्नुपर्ने 'माथि'ले बुझ्नेजस्तो लाग्दैन । बुझ्नुभो उमाकान्तजी ! तपाईं हाम्रा लागि यो शुभ लक्षण किमार्थ होइन ।''पढ्नुपर्छ मेजरसाप्,' विनयशील भावमा मैले भनेँ, 'यथार्थका सबै पाटा बुझ्न सबै कोणबाट आउने विचारमा हामीले ध्यान दिनुपर्छ ।' त्यसपछि ऊ काठमाडौँमा छाडिआएका पत्नी र पुत्रपुत्रीलाई सम्झेर बालकझैँ पिलपिल रोयो । हो, पहिलेको मेजर केही न केही कमलो दिलको थियो । तर, यो अहिलेको हुँडार ? उफ् !

यो कुरा हिजोको हो । मध्येदिन, गर्मी हपहपी थियो । मेजर माथवर र म ढकमक्क फुलेको गोलमोहरमुनि चौतारीमा बसेका थियौँ । कुरा गर्न मसँग साझा कुरा केही थिएन । त्यसैले उसका तामसी कुरा छल्न म एउटा दैनिक अखबारमा आँखा डुलाउन थालेँ । कारण के थियो कुन्नि, उसको अनुहारमा तनावको लक्षण थियो । उसले झर्केर मेरा हातबाट अखबार खोस्यो । अनि घृणा भरिएको स्वरमा भन्यो, 'यस्तो भाँड पत्रिका पनि पढ्ने ? सारा गडबडीको मुहान यही हो साला ।'

'पढ्नुपर्छ मेजरसाप्,' विनयशील भावमा मैले भनेँ, 'यथार्थका सबै पाटा बुझ्न सबै कोणबाट आउने विचारमा हामीले ध्यान दिनुपर्छ ।'

'यो जहर हो, जहर,' अखबार हावामा हल्लाउँदै ऊ गर्ज्यो, 'यो पढे बुद्धि भुटिन्छ । यो पढे दुनियाँ भाँडिन्छ ।' उसको संयमको सन्तुलन डगमगायो । आवेशमा उसले अखबार ध्वार्ध्वारी च्यात्यो । अनि भुइँमा छरिएका अखबारका टुक्रामाथि बुटधारी खुट्टो बजाऱ्यो । उसको पदीय मर्यादासँग रत्तिभर मेल नखाने त्यो उपद्रव देखेर चकित र अवाक् भएँ म ।

वातावरण अलिबेर चकमन्न भयो ।

'राजाको सिन्दुर पहिरेर पनि यो झुत्रो अखबार प्रति तपाईंमा यत्रो मोह ? हुँ !' क्रोधाग्निले जलेका नजरले उसले मलाई डस्यो । म तिल्मिलाएँ । हो, मैले होस् गर्नुपर्छ । यो मेजर माथवर हो । दल र प्रेसलाई यो मानव जातिको भयानक शत्रु ठान्छ । कुन्नि, यो मेरो मनको लचक दलतिर छ पो भन्ठान्दो हो कि ? मेरो शङ्कालु मन तर्कना गर्छ– यसले मलाई राजद्रोहीको महलमा पारेर रिपोट माथि ठेल्यो भने... । रुवाइका हिक्काहरूका बिचबाट उसले आफ्नो अकथनीय पीडा पोख्यो । सर्च टोली 'क' गाउँमा पुगेछ । निहत्था एक किसानलाई घिसार्दै आँगनमा निकालिएछ । किसान अताल्लिएछ ।

अहिले मेरा कानमा एक जबानको हृदय चिरिएर निस्केको रोदन गुन्जिरहेछ । ऊ प्रहरी जवान नवीन राई हो । बरा अस्ति मात्र बिजुली धरापमा परेर उसको चोला उठ्यो । एक दिन साँझपख म यहाँमाथि थिएँ । भुइँ तलामा कोही डाँको छाडेर रोएको सुनेर म तल ओर्लें । मैले देखेँ, नवीन अनुहार हत्केलाले छोपेर क्वाँ-क्वाँ रोइरहेको थियो । उसको छेउमा बसेका सबै जवान सुँकसुँकाइरहेका थिए ।

'किन रोएको बाबु ?' उसको कुम हल्लाउँदै मैले सोधेँ । रुवाइका हिक्काहरूका बिचबाट उसले आफ्नो अकथनीय पीडा पोख्यो । सर्च टोली 'क' गाउँमा पुगेछ । निहत्था एक किसानलाई घिसार्दै आँगनमा निकालिएछ । किसान अताल्लिएछ । 'मेरा लालाबालाको कन्तबिजोक हुन्छ बिधाता हो, मलाई नमार' भन्दै ऊ जीवनको भीख माग्दो छ । उसकी स्वास्नी क्याप्टेनका पाउ परेर कोकोहोलो मचाइरहेकी छ । सातो उडेका अबोध केटाकेटी आमाको जिउमा लिपिक्क टाँसिएका छन् । यत्तिकैमा क्याप्टेनले नवीनलाई भनेछ, 'आतंककारीलाई ठोक् गोली !' चुपचाप पालन गर्नुसिबाय फौजी आदेशको के नै पो जबाफ हुन्छ र ? उसले गोली ठोकेछ । मृतकका र गतको आहालमा उसका प्रियजनहरू अकासै चिरिने गरी रुँदै लुटपुटिएका देखेर नवीन आफैँ मूर्च्छा परेछ ।

अहिले पछुतोको पीडाले ऊ त्यसरी रोइरहेछ । अहो ! यी निर्दोष जवानहरूलाई मैले के भनेर सम्झाउने ? एक जर्किन ठर्रा मगाएर खुवाएँ । नशाले लठ्ठिएर सबैजना ढले । मैले भने छटपटाउँदै अनिदो रात बिताएँ । यो श्रापित जिन्दगीमा यस्तो त मैले कति देखेँ कति ! अब एउटा अति गोप्य कुरा भन्छु म । केटाहरूलाई तयार पार्नु भनेर बाह्र घन्टाअघि मलाई मेजरको आदेश आउँछ । कहाँ, के, कसो, मलाई कहिल्यै केही थाहापत्तो हुँदैन ।


## पालिकाबासीका लागी जारी सन्देश

- नियमित कर तिरौँ , सभ्य नागरिक बनौँ ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाऔँ ।
- घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौँ ।
- अपागं परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौँ ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौँ र दर्ता नगरिसकेका व्यवसायलाई सुचिकृत गरौँ ।
- बालबिबाह अन्त्य गरौँ, बाल श्रम निर्मुल गरौँ ।
- भवन मापदण्डको पालना गरौँ, सुरक्षित भबिष्य निर्माण गरौँ ।
- भ्रष्टाचार नगरौँ । भ्रष्टाचार बिरुद्धमा एकजुट बनौँ ।
- खाना खानु अघि साबुन पानीले हात धुने बानी बसालौँ

सिगास गाउँपालिकाको कार्यालय
गर्जे, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## सम्पुर्ण उपभोक्ता बर्गमा आर्दश गांउपालिका डोटीको अनुरोध

तपाईले कुनै बस्तु वा सेवा खरिद गर्दै हुनुहुन्छ भने खरिद गर्नु पुर्व यो कुराहरुमा ध्यान दिनुहोस ।

- दर्तावाला व्यवसायीहरुबाट मात्र चिज बस्तु खरिद गर्नुहोस ।
- उद्योग व्यवसायको कारोबार गर्ने स्थानमा साईनबोर्ड, उत्पादकको नाम, ठेगाना, प्यान भ्याट आदि दर्ता कागजात छन् ? छैनन् ? हेर्ने र बुझ्ने गरौं ।
- औषधि, औषधिजन्य उत्पादन एवं अन्य उपभोग्य बस्तुमा लेबल, बस्तुको मुल्यसुँची, नाप तौल, उपभोग्य मिति आदि जाँचबुझ गरेर मात्र खरिद बिक्री गरौं ।
- बस्तु उत्पादनका सिलसिलमा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपभोग गर्ने तौरतरिका र सरसफाई छ ? छैन ? हेरौं ।
- बस्तु तथा सेवा खरिद गर्दा बिल पाउनु हरेक उपभोक्ताको अधिकार हो । अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने दिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य बस्तुबाट हानी नोक्सानी हुने भएमा सम्बन्धित जिल्ला क्षतिपुर्ति समिति, स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं ।
- उपभोक्ता हित विपरित कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरेर असल उपभोक्ताको पहिचान दिलाऔं ।

# किवी खेतीले मनग्य आम्दानी

**अमरगढी पोष्ट समाचार**
**डडेल्धुरा,साउन १९ गते ।**

१२ वर्ष अघि अर्थात् २०६९ सालमा तत्कालिन कृषि विकास कार्यालय हालको कृषि ज्ञान केन्द्रले डडेल्धुराका १२ जना कृषकलाई किवी खेती बारे तालिम दिएको थियो ।

सो समयमा डडेल्धुराका कृषकले किवी फल देख्नु त परको कुरा नाम समेत सुनेका थिएनन् । उनीहरूलाई तालिम दिनुको एउटै लक्ष्य थियो, व्यावसायिक रूपमा किवी खेती तर्फ अग्रसर गराउने । तालिममा पहिलो पटक किवी खेतीका बारेमा सुनेका कृषकले किवी खेती गर्ने आँट नै गर ेनन् । तर, सोही तालिममा सहभागी डडेल्धुराको अमरगढी नगरपालिका- १, दहका गणेशबहादुर ऐर भने किवी खेती गर्न तयार भए । सुरुमा उनले ५ लाख लगानी गरेर एक सय बोट किवी लगाए । अहिले उनको बारीमा पाइप र फलाम गाडिएको छ । तर, तिनै पाइप र फलामको आडमा जेलिएका छन् किवीका लहरा अनि लहरामा झुलेका छन्, लटर म्म किवी । ऐरको बारीमा पुग्ने जो कोहीको पनि मन लोभ्याउँछ किवी खेतीले । अहिले उनले बारीमा दुई सय बोट किवी लगाएका छन् । ऐरका अनुसार उनी किवी खेती गर्नु अघि भारतमा रोजगारी गर्न जान्थे । किवी खेती सुरु गरेपछि भने उनले भारत



जानु नपरेको बताए । व्यवसायिक रूपमै किवी खेती गरिरहेका ऐरको बारीमा दुई सयभन्दा बढी किवीका बिरुवा छन् । उनी छोराछोरीको पढाइ खर्चदेखि लिएर घरपरिवारको जीविकोपार्जन पनि यसै पेसाबाट चलाइरहेका बताउँछन् । किवी खेती गर्नुभन्दा पहिले आफू भार तमा गएर काम गर्ने गरेको उनको भनाइ छ । 'किवी खेती गर्ने कुनै सोच थिएन । जिल्ला कृषि विकास कार्यालयले दोलखाबाट यो योजना लिएर जिल्लामा तालिम दियो । हामी १०-१२ जना त्यस तालिममा सहभागी थियौं । तर, किवी खेती गर्न कसैले रहर देखाएनन् ।' उनले भने, जिल्लामा पहिलो पटक मैले यो फलको खेतीको थालनी गरेको हुँ । सुरुमा एक सय बोट लगाए । अहिले त जिल्लामा किवी खेती गर्ने ३०-४० किसान पुगिसके ।' किवी लगाएकै ठाउँमा तरकारी पनि लगाउन सकिने भएकाले मनग्य आम्दानी गरिरहेको उनले बताए । उनी भन्छन्, 'अरु समयमा आफै काम गर्छु । गोडमेल र फल टिप्ने बेलामा कामदार लगाउँछु । मैले गरेको किवी खेतीबाट अरुलाई पनि रोजगारी दिन पाउँदा खुसी छु ।' किवी भण्डारणका लागि जिल्लामा कोल्ड स्टोर नहुँदा भने आफूहरूलाई समस्या भएको दुखेसो उनको छ । 'यहाँको किवी काठमाडौंसम्म पुग्छ । तर, बेमौसमी समयसम्म राख्न सक्यो भने बजार मूल्य पनि राम्रो पाइन्थ्यो । कोल्ड स्टोर नभएर समस्या छ ।' उनले भने ।

ऐर मात्रै होइनन्, डडेल्धुरामा किवी खेतीका लागि उपयुक्त वातावरण भएकाले यहाँका अन्य कृषक यस पेसातर्फ आकर्षित भएका छन् । डडेल्धुराको अमरगढी नगर पालिका-२, चिम्रिकोटका हिक्मत खडायतले ९ रोपनीभन्दा बढी जमिनमा किवी खेती गरिरहेका छन् । किवी भन्दाअघि उनले सुन्तला, जुनार, कागतीजस्ता फलफूलको खेती गरे । डडेल्धुरामा किवी खेतीको राम्रो सम्भावना देखेर यो व्यवसायमा लागेको उनले बताए । जिल्लामा किवीका बिरुवा नपाइने भएपछि टर्कीबाट ल्याउने गरेका कृषकलाई मध्यनजर गर्दै उनले नर्सरी स्थापना गरि हेवार्ड, एलिसन र रेड किवी गरी तीन प्रजातिको किवीको बिरुवा पनि उत्पादन गरिर हेका छन् । 'बजारमा किवीको मूल्य र माग दुवै रहेको छ । किवी रोपेर नै पाँच जनाको परिवार पालिरहेको छु ।' उनले भने, 'बेर्ना हुर्कन कम्तिमा पनि एक-डेढ वर्ष लाग्छ । रोपेको करिब ३ वर्षदेखि ५०-६० वर्षसम्मै किवीले आम्दानी दिने सुनेको छु ।'

किवी खेतीबाटै घर खर्च कटाइ वार्षिक १-२ लाख बचत गर्ने गरेको उनले सुनाए । कृषि ज्ञान केन्द्र डडेल्धुर ाका कृषि प्राविधिक तारीसिंह ठकुर ाठी जिल्लामा कृषकले हेवार्ड, एलिसन जातका किवी लगाउने गरेको बताए । उनकाअनुसार पछिल्लो समय अन्य जातको किवीभन्दा रेड किवी मिठो हुने भएकोले कृषकले रेड किवी पनि लगाइरहेका छन् ।

# सुदूरपश्चिमको मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान

**लक्ष्मी कुमारी ऐर**
**डडेल्धुरा,साउन,१९ गते ।**

अल्पमतमा परेपछि विश्वासको मत लिने अन्तिम दिनमा आएर सुदूर पश्चिमका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले शुक्रबार प्रदेशसभालाई सम्बोधन गर्दै पदबाट राजीनामा दिएका छन् । सोडारीको राजीनामासँगै प्रदेश प्रमुख नजिर मियाँले नयाँ सरकार गठनका लागि आइतबार साँझ ५ बजेसम्म दाबी पेस गर्न आह्वान गरेका छन । विश्वासको मत लिने अन्तिम दिन मुख्यमन्त्री सोडारीको राजीनामा विश्वासको मत लिने प्रयोजनका लागि बोलाएको प्रदेशसभा बैठकमा मुख्यमन्त्री सोडारीले मार्ग प्रशस्त गरेको घोषणा गरेर प्रदेश प्रमुखसमक्ष राजीनामा बुझाएका हुन । सोडारीकै अनुरोधमा प्रदेशसभा सचिवालयले बैठकको कार्यसूची निर्धारण गरेको थियो ।

एमाले, माओवादी, नागरिक उन्मुक्ति (रञ्जिता श्रेष्ठ समूह) र स्वतन्त्र एक सांसदको समर्थनमा वैशाख ६ मा मुख्यमन्त्री नियुक्त भएका एकीकृत समाजवादी संसदीय दलका नेता सोडारीले करिब सय दिन सरकारमा बस्दा निकै उतारचढाव सामना



गर्नुपरेको छ । उनीमाथि बजेट ल्याउन नसकेको आरोप छ । गत असार २० मा एमालेले सरकारबाट समर्थन फिर्ता लिएपछि सोडारी अल्पमतमा परेका थिए ।

त्यसयता उनले प्रदेशसभा बैठक नै बोलाउन नसक्दा असारमा बजेट पारित नभएर प्रदेश बजेट शून्यतामा छ । तर, सोडारीले भने बजेट प्रस्तुत गरेका आर्थिक मामिलामन्त्री सुरेन्द्रबहादुर पाल र उनको पार्टी एमालेले आफ्नो जिम्मेवारी पूरा नगरेका कारण बजेट ल्याउन नसकिएको दाबी गरे । चालु आर्थिक वर्षको बजेट पारित हुन नसकेका कारण सुदूरपश्चिम सरकारले साउन १ यता दैनिक ४० लाख राजस्व गुमाइरहेको छ । प्रदेश प्रमुख मियाँले संविधानको धारा १६८ (२) बमोजिम दुई या दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न आइतबार साँझ ५ बजेसम्मको अवधि तोकेका छन ।

सम्पुर्ण उपभोक्ता बर्गमा सायल गांउपालिका,डोटीको अनुरोध

तपाईले कुनै बस्तु वा सेवा खरिद गर्दै हुनुहुन्छ भने खरिद गर्नु पुर्व यो कुराहरुमा ध्यान दिनुहोस ।

- दर्तावाला व्यवसायीहरुबाट मात्र चिज बस्तु खरिद गर्नुहोस ।
- उद्योग व्यवसायको कारोबार गर्ने स्थानमा साईनबोर्ड, उत्पादकको नाम, ठेगाना, प्यान भ्याट आदि दर्ता कागजात छन ? छैनन् ? हेर्ने र बुझ्ने गरौं ।
- औषधि, औषधिजन्य उत्पादन एवं अन्य उपभोग्य बस्तुमा लेवल, बस्तुको मुल्यसुँची, नाप तौल, उपभोग्य मिति आदि जाँचबुझ गरेर मात्र खरिद बिक्री गरौं ।
- बस्तु उत्पादनका सिलसिलमा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपभोग गर्ने तौरतरिका र सरसफाई छ ? छैन ? हेरौं ।
- बस्तु तथा सेवा खरिद गर्दा बिल पाउनु हरेक उपभोक्ताको अधिकार हो । अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने दिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य बस्तुबाट हानी नोक्सानी हुने भएमा सम्वन्धित जिल्ला क्षतिपुर्ति समिति, स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं ।
- उपभोक्ता हित विपरित कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरेर असल उपभोक्ताको पहिचान दिलाऔं ।
- उद्योगी व्यवसायीहरुले पनि व्यपारसँगै कुशल ब्यबहार गरेर असल व्यवसायीको पहिचान दिलाऔं ।

सडक डिभिजन कार्यालय पाटनको अनुरोध

- सवारी चलाउदा वा बाटो काट्दा मोबाईलको प्रयोग नगरौं ।
- जथाभाबी ओभरटेक नगरौं दाहिने पटटीबाट संकेत दिएपछि मात्र अघि बढौं ।
- बिपरित दिशाबाट आउने सवारी साधनको लेनमा प्रबेश नगरौं ।
- निश्चित तोकिएको ठाँउबाट मात्र यात्रु चढाउने ओराल्ने गरौं ।
- सडक बिभागको मापदण्ड तथा सवारीको साधनको क्षमता भन्दा बढी यात्रु,वजन नबोकौं
- । सवारी चलाउदा मध्यपान गरेको छ भने ट्राफिकले चेकजाच गरोस र सडक भत्किने खालका संरचनाहरु निर्माण रोकौं ।
- सडकको समबद्धन र संरक्षण गर्नुहामी सबैको दायित्व हो ।
- सडकमा जथाभाबी गिटटी बालुवा छडसिमेन्ट नराखौं र सडक सफा गरौं ।
- सडकमा गाडी गुडाउदा सवारी चालकले ध्यानपुर्बक चलाउनुपर्ने र सडक भत्कीने खालका कामहरु बन्द गर्नुपर्छ ।

सम्पुर्ण जिल्लाबासीमा बझाङ जिल्ला अस्पताल बझाङको हार्दिक अनुरोध



प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद

# भिमदत्त बहुप्राविधिक शिक्षालय

पाटन, बैतडी

## भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ।।।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बैतडी दार्चुला र डडेल्धुरा जिल्लाको एक मात्र CTEVT को आफ्नै आगिंक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय पाटन, बैतडीमा २०८१/२०८२ को विभिन्न कार्यक्रमहरुमा भर्ना खुलेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

| सि. न | शैक्षिक कार्यक्रम | शिक्षण शुल्क | सिट संख्या | अवधि | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ वर्षको ५९,८५० | ४८ जना | ३ वर्षे सेमेष्टर प्रणाली | अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह परीक्षामा अनिवार्य अंग्रेजी गणित र विज्ञान विषय लिई उत्तीर्ण वा परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी/ प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा **६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गरेको ।<br>अक्षराङ्कन पद्धति लागु भए पछिको प्रवेशिका परीक्षाको हकमा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE परीक्षामा अनिवार्य अंग्रेजी गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरीकृत **अंक ४.०मा १.६ GPA** प्राप्त वा परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस एल.सी./ प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा **६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | डिप्लोमा इन एग्रीकल्चर (प्लान्ट साइन्स ) | ३ वर्षको ३९,१५० | ४० जना | | |
| ३. | डिप्लोम इन फार्मेसी | ३ वर्षको ६२,५५० | ४० जना | ३ वर्षे ( वार्षिक प्रणाली | अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह परीक्षामा **अनिवार्य अंग्रेजी गणित र विज्ञान** विषय लिई कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भइ परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी/ प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा **६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गरेको ।<br>अक्षराङ्कन पद्धति लागु भए पछिको प्रवेशिका परीक्षाको हकमा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE परीक्षामा **अनिवार्य अंग्रेजी गणित र विज्ञान** विषय लिई समग्रमा न्यूनतम स्तरीकृत **अंक ४.०मा २.० GPA** प्राप्त वा परिषद्बाट संचालन हुने कार्यक्रमसँग सम्बन्धित तोकिएका प्राविधिक SEE/ प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा **६८.३३ प्रतिशत** अंक प्राप्त । |
| | | डिप्लोमा तहको प्रवेश परीक्षा शुल्क रु १५०० | | | डिप्लोमा तहको आवेदन फाराम बुझाउने अन्तिम मिति २०८१/०४/१३ |

आवेदन फाराम वितरण मिति :- २०८१/०३/१६ गते आइतबार देखि

डिप्लोमा तहको प्रवेश परीक्षा हुने मिति २०८१/०४/१९ गते बिहान ८:०० बजे

सम्पर्क नम्बर ०९५४०००९४, ९८५८७८०३२९

(नोट -: आवेदन फाराम www.bdpi.edu.np. अथवा www.ctevt.org.np बाट पनि प्राप्त गर्न सकिन्छ ।

जिवन दत्त पन्त
शिक्षालय प्रमुख

## मतस्य बिकास केन्द्र गेटा कैलालीको अनुरोध

- ***माछा पालन गरौं ब्यबसायीक बनौं ।***
- ***माछा पालन गरि आर्थिक स्तर अभिबृद्धि गरौं ।***
- ***ब्याबसायिक रुपमा माछापालन गरौं, रोजगारी सिर्जना गरौं ।***
- ***माछाका भुराहरु सहज रुपमा उपलबन्ध गर्न मतस्य बिकास केन्द्र सहजीकरण गर्दै आबश्यक प्राबिधिक सल्लाह र सुझाब समेत प्रदान गर्दै आएको यहांहरुलाई अबगत नै छ ।***

## महाभारतको वन डडेल्धुराको शान हामी सवै मिलि राखौ यसको मान

### महाभारत वन (५३,०१४ हेक्टर) संरक्षण किन ?

- यो स्वच्छ हावा र विसोपानीको श्रोत हो ।
- जैविक विविधताले (पाटेबाघ लगायत महत्वपूर्ण वन्यजन्तु ,वनस्पती ) भरिपूर्ण यो क्षेत्र जलाधार क्षेत्र, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक सम्पदाले महत्वपूर्ण छ ।
- पर्यापर्यटनको ठूलो सम्भावना बोकेको यो क्षेत्रलाई शितल पद मार्ग, होमस्टे, सांस्कृतिक तथा धार्मिक केन्द्रको रुपमा विकास गरी जिविकोपार्जनमा सहयोग गर्न ।



### मुख्य समस्या र चुनौति

- जनचेतना र उत्तरदायित्वको अभाव
- जथाभावी पूर्वाधारको निर्माण, अतिक्रमण, वन डढेलो आदिले यो क्षेत्र सङ्कटग्रस्त हुदै गएको छ ।

यदि यो विनास क्रम नरोकिएमा हामी डडेल्धुराबासीले गम्भीर प्राकृतिक सङ्कट व्यहोर्नुपर्ने निश्चित छ ।

**महाभारत वनक्षेत्र डडेल्धुराको जीवन आधार (Life line) हो ।**
**आजैबाट यसको संरक्षण र सम्बर्द्धनमा लागौ ।**

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

## सुपथ मुल्यमा भरपर्दो उपचारका लागि

# चिरञ्जीवी पोलि क्लीनिक

पुरानो रेडक्रस भवन, बागबजार, बगरकोट रोड, डडेल्धुरा, फोन नं. ०९६-४२०७८०

**यस पोलिक्लिनिकबाट उपलब्ध सेवाहरु**

- २४ सै घण्टा आकस्मिक (ईमर्जेन्सी) सेवा ।
- ओ.पी.डि. सेवा ।
- सुविधा सम्पन्न आधुनिक ल्याव सेवा ।
- महिला डाक्टरद्वारा महिलाहरुको चेकजाँच ।
- बिभिन्न रोगको नि:शुल्क परामर्श सेवा ।
- नियमित गर्भजाँच, सुत्केरी जाँच गराईने ।




**डा. निर्मला भट्ट**

फोन नं. ०९६-४२०७८०

## सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयबाट जारी गरीने सवारी चालक अनुमती पत्रका लागि आवश्यक पर्ने निरोगिताको प्रमाण पत्र उपलब्ध गर्ने कार्यका लागि यस जिल्लामा रहेका उक्त सेवा प्रदान गर्न इच्छुक चिकित्सकहरुमा तपशिल बमोजिम उल्लेखित कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सुचिकृत हुन यो सूचना प्रकाशित गरिन्छ।

तपशिल:

१. आफूले अध्ययन गरेको विश्वविद्यालयबाट प्रप्त गरेको शैक्षिक योग्यतका प्रमाण पत्र (certificate, marksheet)
२. नेपाल मेडिकल काउन्सील बाट प्रात काउन्सील इजाजत पत्र ।
३. सेवा प्रदान गर्दा प्रति व्यक्ति लिइने दस्तुर ।

फोन : ०९६४१०२६०

विष्णुदत्त भट्ट
नि. कार्यालय प्रमुख
यातायात व्यवस्था कार्यालय, डडेल्धुरा

प्रकाशक/सम्पादक : मानबहादुर सांउद, कार्यकारी सम्पादक:लक्ष्मी ऐर उप सम्पादक हरिश चन्द समाचारदाता : गजेन्द्र ऐर,हरेन्द्र साँउद प्रधान कार्यालय : अमरगढी-५ , डडेल्धुरा शाखा कार्यालय अत्तरिया कैलाली फोन ०९६-४२०६५३ मो. ९८४८८७१०१४/९८४८८५५९५६ इमेल : mansaud52@ gmail.com मुद्रक :कैलपाल प्रिन्टिङ प्रेस डडेल्धुरा